# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्ड: १ · संख्या-८ निजगढ, फाल्गुण ९ गते २०७५ साल


नगर सभाबाट पारित मितिः २०७५।११।०९

# भाग- १

# निजगढ नगरपालिका

## कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना :**

निजगढ नगरपालिकाको समग्र विकासका लागि निजगढ नगरपालिका क्षेत्रभित्र राजश्व लगाउने तथा उठाउने सम्बन्धमा नेपालको संविधानको धारा २२८ वमोजिमको कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

निजगढ नगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **निजगढ नगरपालिकाबाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५** बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "निजगढ नगरपालिकाबाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन निजगढ नगरपालिका भर लागू हुनेछ र यस ऐन बमोजिम कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन निजगढ नगरपालिकाको नगर सभा वाट पारित भएर स्थानीय राजपत्रमा प्रकाशित भई प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कानूनमा,

(१) "नगरपालिका" भन्नाले निजगढ नगरपालिका वुझ्नुपर्छ ।

(२) "नगर सभा" भन्नाले निजगढ नगरपालिकाको नगर सभालाई वुझ्नुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले निजगढ नगरपालिकाको कार्यपालिका वुझ्नुपर्छ ।

(४) "प्रमुख" भन्नाले निजगढ नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(५) "उपप्रमुख" भन्नाले निजगढ नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ ।

(६) "कार्यपालिका सदस्य" भन्नाले निजगढ नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको प्रमुख, उप प्रमुख, वडा अध्यक्ष समेतलाई वुझाउछ ।

(७) "वडा अध्यक्ष" भन्नाले निजगढ नगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(८) "नगर सभा सदस्य" भन्नाले निजगढ नगरपालिकाको नगर सभा सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई वुझाउछ ।

(९) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निजगढ नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी (प्रमुख प्रशासकीय अधिकृत) सम्झनु पर्छ ।

(१०) "वडा समिति" भन्नाले निजगढ नगरपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ ।

(११) "शाखा" भन्नाले निजगढ नगरपालिकाको राजश्व तथा कर सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ । सो शव्दले अन्य शाखा/उपशाखा/इकाइहरु समेतलाई जनाउछ ।

(१२) "कर्मचारी" भन्नाले निजगढ नगरपालिकामा कार्यरत विभिन्न प्रकृतिका तह र सेवा समूहका कर्मचारीलाई संझनुपर्छ । सो शब्दले नगरपालिका मातहतमा कार्यरत कर्मचारीहरु समेतलाई जनाउँछ ।

(१३) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापना भएको कम्पनी सम्झनु पर्दछ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित सङ्गठित संस्थालाई समेत जनाउँदछ ।

(१४) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्दछ ।

(१५) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको पदमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर समेत जनाउँछ ।

(१६) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(१७) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(१८) "गैरकर राजश्व" भन्नाले परिच्छेद (१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व सम्झनु पर्छ ।

(१९) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(२०) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(२१) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(२२) "सभा" भन्नाले निजगढ नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(२३) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(२४) "सङ्घीय कानून" भन्नाले प्रचलित नेपाल कानून, न्यायिक निकायका नियमावली तथा प्रचलित कार्यविधि कानून र प्रतिपादित नजिर, सिद्धान्त समेतलाई जनाउनेछ ।

(२५) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

३. **व्याख्या :**

यस ऐनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या

सम्बन्धी सङ्घीय ऐन, तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद - २
## राजश्व सम्बन्धी सामान्य सिद्धान्त र कर प्रशासन सम्बन्धी व्यवस्था

४. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त :**

कर राजश्व देहायको सिद्धान्तलाई आधार लिई लगाइनेछ :-

(१) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(२) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(३) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(४) नागरिकलाई सुविधा हुने किसिमवाट ।

(५) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(६) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।

(७) पश्चातदर्शी असर नपर्ने गरेर ।

**५. कर प्रशासन :**

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन निजगढ नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर इकाई रहन सक्नेछन् ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाको स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर इकाईमा रहन सक्नेछन् ।

(२) कर इकाईमा प्रचलित कानून बमोजिम कामको वोझ अनुसार स्वीकृत दरवन्दीका आधारमा

एक वा सोभन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

(३) कर इकाईमा कामको चापले तोकिए वमोजिमको दरवन्दीले कार्य सम्पादनमा कठिनाई परेमा थप दरवन्दी सृजना नभए सम्म नगरपालिकाको आन्तरीक श्रोत रकामको वोझ मुल्याङ्कन गरी सो आर्थिक वर्षकोलागी करार सेवा वाट कार्मचारी व्यवस्था गरी काममा लगाउन सकिनेछ ।

(४) अन्यत्र जे सुकै उल्लेख भएता पनि उपदफा (३) वमोजिमका करार कर्मचारीहरुको पदावधी वढिमा सोही आ. व. को असार मसान्त सम्म हुनेछ ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) करदाता दर्ता गर्ने ।

(२) करदाताबाट विवरण प्राप्त गर्ने ।

(३) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(४) कर सङ्कलन गर्ने ।

(५) कर तथा गैर कर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(६) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(७) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(८) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा निजगढ नगरपालिकालाई सुझाव दिने ।

(९) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(१०) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने ।

(११) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(१२) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजन :**

(१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले यस कानून बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृत/कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृत/कर्मचारीले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगर सभा तथा कार्यपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :**

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्नेप्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ३
## कर राजश्व सम्बन्धी व्यवस्था

**१०. सम्पत्ति कर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गामा मूल्याङ्कित रकमको तोकिए बमोजिमका दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४. बमोजिम भूमीकर (मालपोत) लगाउनु र असुल उपर गर्नुपर्नेछ ।

(३) अन्यत्र जेसुकै उल्लेख भएको भएपनि नगरपालिकाले नगर सभा तथा कार्यपालिकाको निर्णय वाट यस अघि लगाएको एकिकृत सम्पति कर यसै ऐन अनुसार भएको मानिनेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(५) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घरको वनौट (कच्ची वा पक्की)

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटोजस्तो बाटो प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दूरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा प्रचलित कानून अनुसार तोकिए बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(६) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ :

(क) राजश्व परामर्श समितिको संयोजक - संयोजक

(ख) नगर कार्यपालिकाको आर्थिक समितिको संयोजक - सदस्य

(ग) नगरपालिका प्रमुखको सिफरिसमा घरजग्गा सम्बन्धी विज्ञ एकजना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको इन्जिनियर वा प्राविधिक - सदस्य

(ङ) राजश्व प्रशासन प्रमुख - सदस्य सचिव

(७) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक ३ (तीन) वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दर रेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(९) घर जग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(१०) सम्पत्ति करको प्रयोजनका लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(११) करदाताले प्रत्येक वर्ष स्वयम् कर निर्धारण गरी आश्विन मसान्तभित्र निजगढ नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(१२) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

(१३) प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली निजगढ नगरपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको सम्पति कर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्यादभित्र सम्पति कर बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

(१४) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**११. घर बहाल कर :**

(१) निजगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल कर आर्थिक ऐनमा व्यवस्था भए बमोजिम असुल उपर गर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर

(सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनेभित्र कर इकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुने कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको सङ्गठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी घरधनीका तर्फबाट कर इकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कट्टी भएको महिना पछिको २५ गतेभित्र दाखिला गर्नुपर्नेछ । अन्यथा भएमा जरिवाना लाग्नेछ ।

(६) घर बहालको प्रयोजनका लागि नगरपालिकाले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागू गर्न सकिनेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर वहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र पेश गर्नुपर्नेछ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ठ अग्रिम रुपमा श्रावण महिनाभित्र दाखिला गर्ने घरधनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**१२. घर जग्गा रजिष्ट्रेशन शुल्क :**

(१) निजगढ नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) निजगढ नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेश सरकारले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्कको दुई प्रतिशत रकम निजगढ नगरपालिकाको सञ्चित कोषमा दाखिला गरि प्रदेशले लगाएको बाँकी ९८ (अन्ठानब्बे) प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) निजगढ नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी

गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनका लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १(एक) प्रतिशत हुनेछ ।

(७) सङ्घीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(८) निजगढ नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. सवारी साधन कर:**

(१) निजगढ नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पाङ्ग्रे, तीनपाङ्ग्रे वा दुईपाङ्ग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

(३) यस दफा बमोजिम लगाइएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा इकाईमा बुझाउनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधनधनीले यस दफा बमोजिम कर दाखिला गर्नुपर्नेछ ।

**१४. भूमीकर (मालपोत) :**

(१) निजगढ नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गाबाहेकको अन्य जग्गामा भूमीकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमीकर ( मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कुटनीतिक नियोगको नाममा भएका जग्गामा भूमीकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले

आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमीकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि वस्ने नगर सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिमको भूमीकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमीकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर इकाई वा सम्बन्धित वडा कार्यालय वा तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली निजगढ नगरपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जगगाको भूमीकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्यादभित्र भूमीकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१५. मनोरञ्जन कर :**

(१) स्थानीय सरकारले चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको सञ्चालकले मनोरञ्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नेछ। यसरी असुल भएको मनोरञ्जन कर रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरञ्जन करको दुई प्रतिशत रकम नगरपालिकाले सञ्चित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

**१६. विज्ञापन कर :**

(१) निजगढ नगरपालिकाले सूचनापाटी (होर्डिङ्ग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ। यसरी असुल भएको विज्ञापन कर रकम मध्ये नगरपालिकाले लगाएको सबै

र प्रदेशले लगाएको विज्ञापन करको दुई प्रतिशत नगरपालिकाको सञ्चित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिने छ ।

(४) यस ऐन बमोजिम असुल गरेको मनोरञ्जनकर करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न निजगढ नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता सर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होर्डिङ्ग बोर्ड) राखेमा यस दफा बमोजिम विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व इकाई वा सो इकाईले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि कर इकाईले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(१०) संघीय सरकार र प्रदेश सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन ।

**१७. व्यवसाय कर :**

(१) निजगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा सञ्चालन गरेकोमा ६०( साठी) दिन भित्र सोको जानकारी कर इकाईलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रिम रुपमा ३ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइने छ ।

(४) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले ६० (साठी) दिनभित्र कर इकाईमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(७) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेका मानी कर असुल गरिनेछ ।

## परिच्छेद - ४
## गैर कर राजश्व

**१८. सेवा शुल्क तथा दस्तुर :**

निजगढ नगरपालिकाले संविधानको अनुसूची (८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत (नक्सा पास समेतमा) सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

**१९. पर्यटन शुल्क :**

(१) निजगढ नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजगढ नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

**२०. सवारी साधन पार्किङ्ग शुल्क :**

निजगढ नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्नेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ्ग शुल्क उठाउन सक्ने छैन ।

**२१. बहाल बिटौरी शुल्क :**

निजगढ नगरपालिकाले सार्वजनिक, आफ्नो नाममा रहेको र ऐलानी जग्गा तथ त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल बिटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

**२२. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :**

निजगढ नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई

उठाउन सक्नेछ ।

**२३. केवलकार शुल्क :**

(१) निजगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका केबलकारमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार सञ्चालकले प्रवेश टिकटमा नै समावेश गरी सङ्कलन गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरेको शुल्क सङ्कलन गरेको महिना पछिको महिनाको २५ गतेभित्र विवरणसाथ कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

**२४. डुङ्गा परिवहन (बोट सेवा) शुल्क :**

निजगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएको डुङ्गा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ ।

**२५. वस्तुको बिक्री तथा निकासी शुल्क :**

निजगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा, बालुवा, गिट्टी, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको उत्खनन्, बिक्री तथा निकासी शुल्क लगाउन सक्ने ।

**२६. अन्य शुल्क लगाउन सक्ने :**

(१) निजगढ नगरपालिकाले यस ऐनमा अन्यत्र उल्लेखित विषयका अलावा देहायका बिषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

क. खानेपानी, धारा, पोखरी र घाट
ख. बिजुली
ग. टेलिफोन
घ. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाइ र ढल व्यवस्थापन
ङ. शौचालय, स्नान गृह
च. सार्वजनिक पार्क
छ. हाटबजार
ज. पशु बधशाला
झ. अतिथि गृह र छात्रवास
ञ. अचल सम्पत्ति मूल्याङ्कन शुल्क
ट. मर्मत सुधार (आफूले निर्माण गरेका उल्लेखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी) आदी ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र नगर सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो वैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।

**२७. छुट वा मिनाहा :**

(१) निजगढ नगरपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर, गैरकर, राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ, यसरी छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

(३) उपदफा (१) बमोजिम कर, गैरकर, राजश्वमा छुट वा मिनाहा दिएको विवरण नगर सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

**२८. करदाताको पहिचान तथा दर्ता :**

(१) व्यवसाय सञ्चालन गर्नुपुर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर इकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर इकाईलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो इकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर इकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही नम्वरको प्रयोग गर्नु पर्नेछ ।

**२९. करदाताको दायित्व :**

यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(१) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।
(२) निर्धारित समयमा विवरण पेश गर्ने ।
(३) निर्धारित समयमा कर दाखिला गर्ने ।
(४) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।
(५) हिसाव किताव र अभिलेख दुरुस्त राख्ने ।
(६) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने ।
(७) कर इकाईलाई आवश्यक सहयोग गर्ने ।

**३०. करदाताको अधिकारः**

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।
(ख) प्रचलित कानून बमोजिम कर सम्वन्धी सूचना प्राप्त गर्ने अधिकार ।
(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।
(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।
(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको प्राप्त अधिकारको दाबी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ ।

**३१. करदाताको प्रतिनिधित्व :**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको नेपाली नागरीक सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनीधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

## परिच्छेद - ६
## विवरण दाखिला र कर दाखिला सम्बन्धी व्यवस्थाः

**३२. विवरण दाखिला गर्न आदेश दिन सक्ने :**

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतलें आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा

सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र कर इकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधी थपको लागि निवेदन दिएमा कर अधिकृतले १५ दिन सम्मको समयावधि थप दिन सक्नेछ ।

**३३. विवरण सच्याउन सकिने :**

यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भुल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिनाभित्र यथार्थ, तथ्य र सही अङ्क सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

**३४. कर दाखिला गर्नुपर्ने :**

(१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद (४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर सम्वन्धमा कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर इकाईमा दाखिला गर्नु पर्नेछ ।

**३५. कर दाखिलाको निस्सा दिनु पर्ने :**

करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद - ७

## कर फिर्ता, समायोजन, परीक्षण, कर निर्धारणःर सङ्कलन सम्बन्धी व्यवस्था

**३६. कर फिर्ता सम्वन्धी व्यवस्था :**

(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्नेभन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**३७. कर समायोजन सम्वन्धी व्यवस्थाः**

(१) करदाताले दफा ३६ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर

अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

**३८. कर परीक्षण र कर निर्धारण :**

(१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुा कागजात/विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक परेमा/पारेमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयम् कर निर्धारण गरी विवरण पेश गरेको मितिले ३ वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

**३९. कर निर्धारणको सूचना :**

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्वर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर इकाईमा बुझाउनु पर्नेछ ।

**४०. कर सङ्कलन सम्बन्धी व्यवस्था :**

(१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकम

करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ :(

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्तिमाथि दाबी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही सुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**४१. किस्तावन्दीमा कर असुली :**

कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

## परिच्छेद - ८
## जरिवाना र व्याज

**४२. जरिवाना लाग्ने :**

यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**४३. व्याज लाग्ने :**

यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

## ४४. अभिलेख नराखेमा जरिवाना लाग्ने :

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा तोकिए वमोजिम जरिवाना लाग्नेछ ।

## ४५. समयमा विवरण दाखिला नगरेमा जरिवाना लाग्ने :

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण तोकिए वमोजिम जरिवाना लाग्नेछ ।

## ४६. झुा विवरण दिएमा जरिवाना लाग्ने :

यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत जरिवाना लाग्नेछ ।

## ४७. व्याज नलाग्ने :

यस ऐन बमोजिम लाग्ने व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन ।

# परिच्छेद - ९
# पूर्वादिश र प्रशासकीय पुनरावलोकन

## ४८. पूर्वादिश माग गर्न सक्ने :

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थावारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहने छ ।

## ४९. प्रशासकीय पुनरावलोकन हुन सक्ने :

यस ऐन बमोजिम देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(१) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(२) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर,

शुल्क, ब्याज सम्बन्धी निर्णय,

**५०. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :**

(१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३५ (पैतिस) दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि परेको निवेदन माथि ६० दिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

**५१. उजुरी नलाग्ने :**

यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

**५२. पुनरावेदन दिन सक्ने :**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - १०
## समन्वय सम्बन्धी व्यवस्था

**५३. संघीय सरकारसँग समन्वय :**

(१) निजगढ नगरपालिकाले सङ्घीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन कार्यपालिका वा कार्यपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले संघीय सरकार वा संघीय सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) निजगढ नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर, गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा संघीय सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५४. प्रदेश सरकारसँग समन्वय :**

(१) निजगढ नगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन कार्यपालिका वा कार्यपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) निजगढ नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर, गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५५. केन्द्रीय बैंकसँग समन्वय :**

निजगढ नगरपालिकाले कर र गैरकर राजश्व सङ्कलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५६. अन्य निकाय, कार्यालिय र संस्थासँग समन्वय :**

निजगढ नगरपालिका वा सो को कुनै अधिकृतले कर, गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - ११
## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५७. राजश्व सम्वन्धी नयाँ प्रस्ताव :**

निजगढ नगरपालिकाले कर, गैरकर तथा राजश्व सम्वन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्ने छ ।

**५८. सूचना सार्वजनिक गर्नु पर्ने :**

(१) यस ऐन बमोजिम नगरपालिकाले लगाएको कर र गैरकर राजश्व उठाउने सम्बन्धमा सो कर, गैरकर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (२) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई आफ्नो वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले कर, गैरकर तथा राजश्वका दर र हेरफेर सम्वन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - १२
## विविध

**५९. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :**
यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिन, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्वन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**६०. कागजातको ढाँचा :**
(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि नगरपालिका कार्यालयको सूचना पाटी, वेभसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६१. सूचना तामेली रीत पुगेको मानिने :**
(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ:
(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,
(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,
(ग) निजको कानून व्यवसायी वा हिसाव हेर्ने आधिकारिक व्यक्तिलाई बुझाएको,
(घ) नावालकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,
(ङ कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,
(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।
(२) कर इकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनस्क्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

## ६२. कागजातको अभिलेख राख्ने :

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरि राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम निजगढ नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सो लाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्ने सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सो लाई पुष्ट्याई गर्ने कागजात ।

(२) निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले लिखित रुपमा सूचना जारी गरि अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

## ६३. अदालतलाई भए सरहको अधिकार हुने :

यस ऐनको प्रयोजनका लागि निजगढ नगर कार्यपालिका कार्यालयको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

## ६४. आदेश वा निर्देशन दिन सक्ने :

सङ्घीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र सङ्घीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कर्तव्य हुनेछ ।

## ६५. कर अधिकृतको परिचय पत्र :

कर इकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

## ६६. विभागीय कारवाही र सजाय हुने :

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटी बढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरे गराएमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरि सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीका लागि अधिकार प्राप्त अधिकारी समक्ष आफ्नो राय साथ पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएका अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधि भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनें छ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिनाभन्दा बढी हुने छैन।

**६७. पुरस्कृत गर्न सक्ने :**

(१) निजगढ नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने उत्कृष्ट तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**६८. म्याद, हदम्याद नजाने :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि,

**६९. नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन बनाउने अधिकार :**

यस ऐन बमोजिम कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहितको नियमावली, निर्देशिका, दिग्दर्शन, कार्यविधि बनाउन सक्नेछ।

**७०. थपघट, हेरफेर वा संशोधन :**

(१) नगर सभाले यस ऐनलाई आवश्यकता अनुसार संशोधन गर्नसक्नेछ।

(२) कार्यपालिकाले उप दपफा (१) बमोजिम संशोधन गरेको विषयको सूचना सर्वसाधारण र सरोकारवालाहरुको जानकारीकालागी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**७१. संक्रमणकालीन व्यवस्था :**

यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेकोमा नियमावली, कार्यविधि नआएसम्म कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**७२. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । यसरी जारी गरेको आदेश नगर सभाले अनुमोदन गरेका हद सम्म कायम रहनेछ ।

**७३. बचाउ र लागु नहुने :**

(१) यस ऐन र अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुराले कुनैपनि कसुरमा प्रचलित ऐन अनुसार कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) नेपालको संविधान, संघीय र प्रादेशिक कानूनसँग यस ऐनका कुनै दफा उपदफा बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यस ऐन अनुसार भए गरेका काम कारवाहीहरुमा सङ्घीय र प्रादेश कानूनसँग यस ऐनका कुनै दफा उपदफा बाझिन गएमा लागु भई सकेका काम कारवाही मात्र सदर हुनेछ ।

(५) यसअघि भएका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

**<u>आज्ञाले :</u>**
**नाम : भरत चन्द्र अधिकारी**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**मिति : २०७५।११।०९ गते**
**पृष्ठ संख्या : २४**
**मुल्य : रु. १५/-**